चैत्र,२०७५

# शिक्षणमा संगीत सम्बन्धी कष्टमाईज्ड तालिम पाठ्यक्रम

## आधारभूत तह

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानवस्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर

विषयसूची


| क. स. | विषयबस्तु | पृष्ठ सङ्ख्या |
|---|---|---|
| १ | परिचय | १ |
| २ | तालिमको सक्षमता | १ |
| ३ | तालिमको विषयवस्तु | २ |
| ४ | तालिम कार्यान्वयन कार्यविधि | ३ |
| ५ | तालिम मूल्याङ्कन | ५ |
| ६ | कार्ययोजना तथा प्रतिबद्धता | ५ |

## १. परिचय

विद्यार्थीहरुको संलग्नता सिकाइको एक महत्वपुर्ण आधार हो । सङ्गीत सिकाइमा विद्यार्थीहरुको सक्रियतालाई बढावा दिनुका साथै सिकाइलाई प्रभावकारी र दिगो बनाउँछ । यसले विद्यार्थीहरुको सिर्जनशिलता र सिकाइ प्रतिको रुचिलाई समेत अभिबृद्धि गर्दछ । गार्डनर, प्लेटो र आइन्सटाइन लगायत विद्वानहरूले सिकाइमा संगीतको महत्वलाई दर्शाएका छन । समाजको प्रारम्भसँगै मनुष्यको जैविक रुचि र प्रकृति अनुरूप साहित्य कलाको रुपमा संगीतको प्रादुर्भाव भएको पुष्टि विश्वको सर्वप्राचीन ग्रन्थहरुमा पाइन्छ । साम वेदमा महिला तथा पुरुषहरू सँगसँगै मिलेर गीत गाउने अभ्यास गरिएको पाइन्छ । संगीतमा प्रयोग गरिने आधारभूत धुनको सिर्जना बैदिक कालमा भएको हो भन्ने मान्यता रहेको पाइन्छ । हाम्रा धार्मीक तथा सांस्कृतिक पर्वहरुमा गीत संगीतको प्रयोग समाजको आदिमकाल देखि नै गरिदै आएको छ । संगीतको सिर्जना र प्रयोग केवल मनोरञ्जनमा मात्र होइन शिक्षण सिकाइको अभिन्न साधनको रुपमा गर्न सकिन्छ भन्ने कुरा पूर्विय तथा पश्चिमी जगतमा भए गरेका अभ्यासहरुबाट पुष्टि भइ सेकेको छ ।

शिक्षकले आफुले अध्यापन गर्ने विषयमा कसरी संगीतलाई शिक्षण कलाको रुपमा प्रयोग गर्न सकिन्छ भन्ने ज्ञान र सही तरिकाले प्रयोग गर्ने सिप हासिल गरेको हुन आवश्यक छ । यसलाई विद्यार्थीको स्तर र अवस्था, स्थान, कक्षा, तह र निर्धारित शैक्षणिक रणनीति अनुसार उपयोग गर्न सक्नुपर्दछ । संगीत र सिकाइको अन्तसम्बन्धको आत्मसातिकरण गर्दै प्रभाबकारी र उदेश्यमुलक सिकाइका लागि उपयुक्त संगीतका साधनको विकास गर्ने र शिक्षण कार्यक्रममा यसको उपयोग गर्ने सम्मको सिपको विकास गर्न यो पांच दिने कष्टमाईज्ड तालिम कोर्षको विकास गरिएको हो । यो तालिम पाठ्यक्रममा गीत संगीतको सामान्य परिचय र अभ्यासका साथै गीत सङ्गीतको माध्यमबाट कसरी एकीकृत रूपमा विषयगत शिक्षण गर्न सकिन्छ भन्नेबारेमा केन्द्रित गरिएको छ ।

## २. तालिमको सक्षमता

शिक्षण सिकाइको प्रक्रियामा सङ्गीतलाई कसरी उपयोग गर्ने भन्ने सन्दर्भमा शिक्षकहरूको पेसागत क्षमता विकासमा सहयोग पुर्याउने उद्देश्यले यस पाठ्यक्रमको विकास गरिएको हो । यस तालिम पश्चात सहभागी शिक्षकहरु देहायबमोजिम कार्य प्रदर्शन गर्न सक्षम हुने अपेक्षा गरिएको छः

(क) शिक्षणमा संगीतको महत्व र उपयोग सम्बन्धि आधारभूत अवधारणाको व्याख्या गर्न ।

(ख) सङ्गीतका आधारभूत स्वरहरुको पहिचान गरी तालीको गन्तीमा आधारभूत सरगमहरू आरोह अवरोहमा अभ्यास गर्न

(ग) कक्षागत गीत तथा अन्य प्रचलित गीत सुहाउँदा विभिन्न तालहरुको बोल र मात्राको परिचय दिई अभ्यास गर्न ।

(घ) झ्याउरे र ख्याली (कहरवा) तालको गन्ती सँगै नृत्यको आधारभूत चालहरू प्रदर्शन गर्न ।

(ङ) पाठ्यवस्तुको आधारमा गीत रचना गर्न र प्रचलित बालसुलभ भाकामा तालबद्ध गरी गायन मार्फत विषयगत शिक्षण गर्न ।

(च) कक्षागत गीत, बाल गीत र राष्ट्रिय गीत मार्फत् एकिकृत शिक्षणको अभ्यास गर्न ।

## ३. तालिमको विषयवस्तु

यस तालिमका लागि तोकिएका मुख्य विषयवस्तुहरू देहायबमोजिम रहेका छन्

| क्र.स. | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सत्र संख्या |
|---|---|---|---|
| १ | संगीत र शिक्षणसिकाइ विचको अन्तरसम्बन्ध | • संगीतको परिचय<br>• संगीत र सिकाइको अन्तरसम्बन्ध र महत्व<br>• सिकाइमा संगीतको पौराणिक र आधुनिक अभ्यास<br>• शिक्षण सिकाइमा संगीतका विविध विधाहरुको उपयोग | १ सत्र |
| २ | स्वर परिचय र अभ्यास | • शुद्ध स्वर, कोमल स्वर, तीव्र स्वर,<br>• सप्तक (मन्द, मध्यम र तार)<br>• आरोह अवरोहमा स्वर अभ्यास<br>○ एक श्वास = एक स्वर<br>○ एक ताली = एक स्वर<br>○ एक ताली = दुई स्वर<br>○ एक ताली = तीन स्वर<br>○ एक ताली = चार स्वर | २ सत्र |
| ३ | ताल परिचय र अभ्यास | • तालको सामान्य परिचय<br>• मात्राको परिचय र गन्तीमा अभ्यास<br>• झ्याउरे ताल (६ मात्रा) अभ्यास<br>• ख्याली (कहरवा) (८ मात्रा) अभ्यास<br>• असारे (दादरा) ६ मात्रा अभ्यास<br>• स्थानिय ठाउमा प्रचलित तालहरू (समावेशी सास्कृतिक गीत सङ्गीतहरू जस्तै हुड्केली,देउडा, चण्डी, तामाङसेलो, मैथिली, भोजपुरी इत्यादि सँग सम्बन्धित तालहरु ) अभ्यास<br>• ताली र तालको आधारमा स्वर अभ्यास<br>• स्थानिय बाद्यबादनका पहिचान र ती बाजाहरुमा विभिन्न तालहरुको अभ्यास<br>• विभिन्न तालमा आधारित कक्षागत गीत, लोक गीत, | २ सत्र |

| | | | |
|---|---|---|---|
| | | स्थानिय गीत, राष्ट्रिय गीत, बाल गीत र अन्य प्रचलित गीत गायन अभ्यास | |
| ४ | नृत्य र अभिनयको परिचय र अभ्यास | • तालको आधारमा नृत्यको आधारभूत चालहरुको अभ्यास<br>• आधारभूत हस्त मुद्राहरुको अभ्यास<br>• अभिनयको परिचय र प्रकार<br>• नवरसको परिचय र अभ्यास<br>• कक्षागत गीत, लोक गीत, स्थानिय गीत, राष्ट्रिय गीत, बाल गीत र अन्य प्रचलित गीतहरुमा सामुहिक नृत्य अभ्यास<br>• पाठ्यपुस्तकमा भएका विषयबस्तुहरुलाई नाटकीकरण र अभिनय गरी प्रदर्शन गर्ने अभ्यास | ३ सत्र |
| ५ | गीत संगीतमा आधारित विषय शिक्षण | • गीत लेखनका लागि विषयगत र क्षेत्रगत सिकाइ उपलब्धीमा आधारित विषयवस्तु चयन<br>• विषयगत रुपमा गीत लेखन<br>• लेखिएका गीतमा लयबद्ध र तालबद्ध गरी गायन अभ्यास<br>• गीतका आधारमा विषयस्तुको शिक्षण अभ्यास | ३ सत्र |
| ६ | सङ्गीतमा आधारित एकिकृत शिक्षण | • कक्षागत गीत मार्फत एकिकृत शिक्षण,<br>• बालगीत मार्फत एकिकृत शिक्षण<br>• राष्ट्रिय गीत मार्फत एकिकृत शिक्षण<br>• स्थानिय (समाबेशी सास्कृतिक) गीत मार्फत एकिकृत शिक्षण<br>• पाठ्यवस्तुका आधारमा रचना गरिएका गीत मार्फत शिक्षण | २ सत्र |
| ६ | विविध | प्रिटेष्ट, पोष्ट टेष्ट, अपेक्षा संकलन र सम्बोधन, तालिम कार्यान्वयन योजना, | २ सत्र |
| | जम्मा सत्र | | १५ |

**४. तालिम कार्यान्वयन कार्यविधि**

**क. तालिमको अवधि**

यो तालिम पाँच दिन अवधिको हुनेछ । पाँचै दिन आमने सामने पद्धतीबाट शिक्षा तालिम केन्द्र मार्फत तालिम सञ्चालन हुनेछ । प्रति दिन तिन सत्रका दरले पाँच दिन अबधिमा १५ ओटा सेसनहरु सञ्चालन हुनेछन । प्रति सेसन एक घण्टा ३० मिनेटको हुनेछ ।

**ख. तालिमको लक्षित समूह**

यस तालिमको लक्षित समुह सामुदायिक विद्यालयका आधारभूत तह तहमा अध्यापनरत शिक्षकहरु हुनेछन् । सहभागी छनोटका लागि शिक्षा तालिम केन्द्रले सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाइ, स्थानिय तह तथा विद्यालयहरुसंग आवश्यक सहकार्य गर्नेछ । यो तालिम सकेसम्म एउटै विषयका शिक्षकहरुको समूहमा सञ्चालन गर्नु पर्नेछ।

**ग. तालिम पाठ्यक्रम कार्यान्वयन प्रक्रिया**

- आधारभूत तहमा अध्यापन गराउने शिक्षकहरुका लागि तालिम कार्यक्रम शिक्षा तथा मानवस्रोत विकास केन्द्रबाट स्वीकृत पाठ्यक्रमका आधारमा हुनेछ ।
- शिक्षा तथा मानवस्रोत विकास केन्द्रबाट स्वीकृत पाठ्यक्रमको २० **प्रतिशत** अर्थात ३ सत्रसम्म विषयबस्तु शिक्षा तालिम केन्द्रले स्थानीय सरोकारवालाहरुको परामर्शमा परिमार्जन तथा समायोजन गर्न सक्नेछ।
- शिक्षा तालिम केन्दले स्थानीय आवश्यकता अनुसार ५ दिनको छुट्टै तालिम पाठ्यक्रम विकास गर्न सक्ने छ । यसरी विकास गरिएको पाठ्यक्रम शिक्षा तथा मानवस्रोत विकास केन्द्रबाट स्वीकृत गराएर मात्र तालिम सञ्चालन गर्नु पर्नेछ ।

**घ. तालिम सहजीकरण**

- शिक्षा तालिम केन्द्रका विषय विज्ञ प्रशिक्षक वा रोष्टर प्रशिक्षकबाट तालिम सत्र सहजीकरण गरिने छ । रोष्टर प्रशिक्षक छनोट गर्दा शिक्षकको पेसागत विकास प्रारुप, २०७२ ले तोकेको आधार पुरा गरेको व्यक्ति हुनुपर्दछ ।
- तालिमका सत्र सहजीकरण गर्दा सकेसम्म सूचना तथा सञ्चार प्रविधिलाई अधिकतम उपयोग गर्नु पर्नेछ ।
- तालिमका लागि आबश्यक पाठ्यक्रम, पाठ्यपुस्तक तथा अन्य सामग्रीहरु तालिम सञ्चालन अगावै व्यबस्था गर्नुपर्नेछ ।
- सिकाइ सहजीकरणका विधि तथा सूचना प्रविधिलाई पाठ्यक्रमका विषयगत विषयबस्तुसँग आबद्ध गरेर मात्र प्रयोग गर्नुपर्नेछ ।
- तालिम सञ्चालन गर्दा शिक्षा तथा मानवस्रोत विकास केन्द्र द्वारा विकास गरिएको तालिम सामग्रीको आधारमा सञ्चालन गर्नुपर्नेछ । सो सामग्रीका अलावा सामान्यतया सहभागी शिक्षकका माग र आवश्यकतालाई ध्यान दिँदै आवश्यकता अनुसार देहाय बमोजिमका विधि वा बहुविधि उपयोग गर्न सकिनेछः-
    - प्रदर्शन विधि
    - नमुना अभ्यास शिक्षण विधि
    - अन्तरक्रिया विधि

- छलफल तथा समूह कार्य विधि
- परियोजना कार्य विधि
- अवलोकन विधि
- समस्या समाधान र स्वअध्ययन विधि
- समूह शिक्षण विधि
- सङ्गीत साधना विधि

## ५. तालिम मूल्यांकन

क. यस तालिममा सहभागी शिक्षकहरुको मूल्याङ्कन निरन्तर रुपमा उनीहरुले तालिमका दौरान निभाएको भूमिका, सान्दर्भिक जागरुकता र तालिममा सहभागिता र दैनिक उपस्थितिका आधारमा गरिनेछ । छलफल, समुह कार्य र प्रस्तुतिका साथै प्रिटेष्ट तथा पोष्टटेष्ट पनि मूल्याङ्कनका आधार हुनेछन् ।

ख. सहभागी शिक्षकहरुलाई तालिम प्रश्चात तालिम सम्पन्नताको प्रमाणपत्र प्रदान गरिनेछ ।

## ६. कार्ययोजना तथा प्रतिबद्धता

क. सहभागीहरुले तालिम अवधिमा सिकेका ज्ञान तथा सीपको आधारमा विद्यालयमा गई प्रयोग गर्न सकिने कम्तिमा पाँच ओटा कार्यको कार्ययोजना बनाइ प्रस्तुत गर्नुपर्नेछ ।

| क.स. | क्रियाकलाप | किन | कहिले | कसरी | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |

ख.तालिम अवधिमा निर्माण गरिएका पाठयोजना समेत कार्ययोजनामा आबद्ध गरी कक्षा शिक्षण गर्नुपनेछ।

ग. सहभागीहरुले कार्ययोजना बमोजिमका सुधारहरु गर्ने प्रतिबद्धता शिक्षा तालिम केन्द्र समक्ष गर्नु पर्नेछ।

घ.शिक्षकले जाहेर गरेको प्रतिबद्धता शिक्षा तालिम केन्द्रले विद्यालयलाई जानकारी गराउनुपर्नेछ ।

ΩΩΩ